**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २७ मई २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारका हरेक निर्णयको केन्द्रविन्दुमा राष्ट्र प्रथम हो भनि बताउनु भएको छ ।

२. राष्ट्रपति द्रौपदी मुर्मूले स्वार्थ भन्दा माथि उठेर जनकल्याणको भावनाका साथ काम गर्नु आन्तरिक आध्यात्मिकताको सामाजिक अभिव्यक्ति भएको बताउनु भएको छ।

३. पश्चिम बङ्गालका राज्यपाल सी.वी. आनन्द बोसले चक्रवाती तुफान रेमल प्रभावित क्षेत्रको स्थलगत भ्रमण गर्नुभएको छ ।

४. दार्जीलिङको चौरस्तामा मालवाहक गाड़ीहरू कुदाउनेहरु बिरुद्ध प्रशासनिक कार्वाही गरिने दार्जीलिंग नगरपालिका अध्यक्षले बताउनु भएको छ।

**प्रधानमंत्री**

भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले आत्मनिर्भर भारतको उद्देश्य स्वदेशी प्रतिभालाई प्रोत्साहन गर्नु र रोजगारी वृद्धि गर्नु रहेको बताउनु भएको छ । एक समाचार एजेन्सीलाई दिएको अन्तर्वार्तामा श्री मोदीले भन्नुभएको छ -ए ष्प्रत्यक्ष लाभ स्थानान्तरणए डी.बी.टी मार्फत ३८ लाख करोड रुपियाँ भन्दा अधिक जनताको लागी पठाइएको छ। एजेन्सीहरूले गरेको जाचलाई सङ्केत गर्दै उहाले सरकारको उद्देश्य शून्य सहनशीलताको नीतिमा आधारित रहेको र साक्ष्य मा आधारित कारबाही सुनिश्चित गर्नु होए न कि अनुमानको आधारमा जानु हो। प्रधानमन्त्री श्री मोदीले सरकारका हरेक निर्णयको केन्द्रविन्दुमा राष्ट्र प्रथम हो भनि बताउनु भएको छ ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मूले स्वार्थभन्दा माथि उठेर जनकल्याणको भावनाका साथ काम गर्नु आन्तरिक आध्यात्मिकताको सामाजिक अभिव्यक्ति भएको बताउनु भएको छ। उहाले भन्नुभएको छ - लोक कल्याणको लागि दान सबैभन्दा महत्त्वपूर्ण आध्यात्मिक मूल्यहरू मध्ये एक हो। नयाँ दिल्लीको भारत मण्डपममा ब्रह्माकुमारीहरूले आयोजना गरेको स्वच्छ र स्वस्थ समाजका लागि आध्यात्मिक सशक्तीकरणको राष्ट्रिय शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्नुहुदै राष्ट्रपति मुर्मूले उक्त कुरा बताउनु भएको हो। स्वस्थ मानसिकताले मात्र समग्र कल्याण सम्भव हुने राष्ट्रपतिको भनाइ थियो। उहाले आध्यात्मिक सशक्तिकरण नै वास्तविक सशक्तिकरण भएको र आध्यात्मिक मूल्यले सबै धर्मका मानिसहरुलाई जोडेको बताउनु भएको छ। राष्ट्रपति मुर्मुले विश्वका धेरै भागमा भयए आतङ्क र युद्धलाई बढावा दिने शक्तिहरू अत्यन्त सक्रिय रहेको र यस्तो परिवेशमा ब्रह्माकुमारीले सयभन्दा अधिक देशहरुका विभिन्न केन्द्रहरू मार्फत मानवताको सशक्तीकरणका लागि प्रभावकारी मञ्च प्रदान गरेको उल्लेख गर्नुभएको छ ।

****** ० ******

**हरित हाइड्रोजन ईन्धन सेल  बस**

दिगो,पर्यावरण-अनुकूल यातायात समाधानहरूलाई बढावा दिने दिशामा एक महत्वपूर्ण माइलखुट्टी तयार गर्दै इन्डियन आयलले भारतीय सेनालाई अत्याधुनिक हरित हाइड्रोजन ईन्धन सेल बस हस्तान्तरण गरेको छ। नयाँ दिल्लीस्थित इन्डिया गेटस्थित राष्ट्रिय युद्ध स्मारकमा सेना प्रमुख जनरल  मनोज पाण्डे र इन्डियन आयलका अध्यक्ष एसएम वैद्यको उपस्थितिमा उक्त हस्तान्तरण तथा हस्ताक्षर समारोह सम्पन्न भयो। यस पहलको उद्देश्य हेभी-ड्युटी ई-मोबिलिटीको लागि हाइड्रोजन र फ्युल सेल टेक्नोलोजीलाई बढावा दिनु होए जसले भारतीय सेनालाई इन्डियन आयलसँगको सहयोगमा यस टेक्नोलोजीको मूल्यांकनमा अग्रणीको रूपमा स्थापित गर्दछ।    यस  अवसरमा भारतीय सेनाप्रमुख जनरल मनोज पाण्डेले वातावरणीय दिगोपना सुनिश्चित गर्दै सेनाको परिचालन क्षमता अभिवृद्धि गर्ने नवीनतम प्रविधिको अन्वेषण र अवलम्बन गर्न भारतीय सेना प्रतिबद्ध रहेको बताउनु भएको छ ।

****** ० ******

**विदेशमन्त्री – पपुवा न्यु गिनी**

विदेशमन्त्री एस जयशंकरले पपुवा न्युगिनीमा गएको पहिरोमा परी ज्यान गुमाएकाहरुप्रति दुःख व्यक्त गर्नुभएको छ । श्री जयशंकरले सामाजिक सञ्जालमा लेख्नु भएको छ -ए श्भारतको समबेदना पपुवा न्युगिनीको सरकार र जनताप्रति छ। श्री जयशंकरले यस कठिन घडीमा भारत आफ्ना मित्रहरुसँग ऐक्यवद्धताका साथ उभिएको बताउनु भएको छ ।

****** ० ******

**रुमेल –कमजोर**

चक्रवाती तूफान रूमेल आज  कमजोर भएको छ र हावाको रफ्तार ८०.९० किलोमीटर प्रति घण्टा भएको छ। मौसम विभागले यस आशयको  जानकारी दिएको छ। रूमेल आइतवार मध्यरातमा पश्चिम बंगाल तटसम्म पुगेको थियो।विभाग अनुसारए बिहान साढ़े चार बजी सागर द्वीपदेखि १५० किलोमीटर उत्तरपूर्वमा स्थित चक्रवाती तूफानको कारण कोलकातामा तीव्र पानी पऱ्यो र पश्चिम बंगालका तटीय जिल्लाहरूमा रातभरि पानी परिरह्यो। विभागले एक बुटेलियनमा  तूफान उत्तरपूर्वतिर बढ्ने औं अझ् कमजोर हुने सम्भावना रहेको बताएको छ ।

****** ० ******

**कोलकाता- हवाई सेवा**

बंगालको खाड़ीमा उत्पन्न भएको चक्रवाती तूफान रूमेलको मध्यनजर गर्दै  कोलकाता हवाई अड्डामा २१ घण्टासम्म विमानहरूको आवाजाही रद्द रहेपछि आज पुनः उड़ान सेवाहरू शुरू गरियो तर स्थिति सामान्य हुनमा थप केही समय लाग्ने जानकारी प्राप्त भएको छ। ।

****** ० ******

**रेमल राज्यपाल सी.वी. आनंद बोस**

पश्चिम बङ्गालका राज्यपाल सी.वी. आनन्द बोस चक्रवाती तुफान रेमल  प्रभावित क्षेत्रको स्थलगत भ्रमण गर्नुभएको छ स उहाले टास्क फोर्सको साथमा चक्रवात प्रभावित क्षेत्रको भ्रमण गर्नुहुदै  राज्यपालले श्राजभवनको टास्क फोर्स विभिन्न क्षेत्रको भ्रमण गरेर फर्केको जानकारी दिनुभएको छ । उहाले चक्रवाती रेमाल कमजोर हुँदै गइरहेको छ र बङ्गालका मानिसहरूले बहादुरी र धैर्यका साथ स्थितिको सामना गरेका बताउनु भएको छ। राज्यपाल श्री बोसले यस्तो आपदाको समयमा राजभवन टास्क फोर्स तैयार. रहेको र  पश्चिम बङ्गालका सम्पूर्ण जनतालाई उनीहरूको ऐक्यबद्धताका लागि धन्यवाद दिनुभएको छ।

****** ० ******

**खर्साग -नगरपालिका**

आज खरसाङ नगरपालिका कार्यालयमा नगरपालिका चेयरम्यान ब्रिगेन गुरुङ, 28 नम्बर समष्टिका  सभासद श्याम शेर्पा लगायत  नगरपालिकाका  अभियन्ताहरुमाझ प्राकृतिक आपदा विषय लिएर महत्वपूर्ण  सभा सम्पन्न भयो। सभामा आगामी दिनको वर्खा याममा आउने विभिन्न समस्याहरु विषय चर्चा परिचर्चा गरिएको जानकारी प्राप्त भएको छ। यसको साथै चक्रवात रेमान विषयमा

पनि चर्चा गर्दै यसबाट हुन सक्ने क्षति र सावधानी विषयमा पनि चर्चा परिचर्चा गरिएको सभासद श्याम शेर्पाले जानकारी दिनुभएको छ l

****** ० ******

**दार्जीलिंग -चौरास्ता**

दार्जीलिङको मुटु मानिएको चौरस्तामा बिहानको समय मालवाहक गाड़ीहरू पिक अप भेन कुदाउने गरिएकोले त्यहाँको रेलिंगए टाईल्स आदि भत्किएको नगरपालिका ले बताएको छ।दार्जीलिङ शहरलाई व्यवस्थित बनाउन नगरपालिकाले दिन रात काम गरिरहेको भएपनि मानिसहरूले नगरपालिकालाई सहयोग पुऱ्याउनुको बिपरीत यस्ता कार्य गरिरहेका गुनासो गरेको छ तर अब यी गाड़ीहरुमाथि निगरानी राख्ने साथै नियम उल्लंघन गरेको खण्डमा पुलिस प्रशासनलाई जानकारी दिइने नगरपालिका अध्यक्ष दिपेन ठकुरीले जानकारी दिनुभएको छ ।

****** ० ******

**पर्वातोरोही पुर्णिमा श्रेष्ठ -नेपाल**

नेपाल गोरखाकी ३२ वर्षीया पर्वातारोही तथा पेशाले फोटो पत्रकार पूर्णिमा श्रेष्ठले एकै सिजनमा तीन पटक सगरमाथा आरोहण गर्ने विश्वकै पहिलो महिलाका रुपमा इतिहास रचेकी छन् । उनको असाधारण ट्रिपल आरोहीले एकै सिजनमा तीन पटक सगरमाथा आरोहण गर्ने कुनै पनि महिला आरोहीको अघिल्लो रेकर्डलाई तोडेको छ। यसअघि सन् २०१८ मा सगरमाथा आरोहण गरेकी उनले चार पटक सगरमाथाको आरोहण गरिसकेकी छिन् । उनको रेकर्डले महिला आरोहीहरूको सशक्तीकरणको प्रतिनिधित्व गर्दछ र महिलाहरूलाई उनीहरूको सपना हरू प्राप्त गर्न प्रेरित गर्दछ।

****** ० ******

**खर्सांग- शिवाखोला पर्यटक**

खरसाङ महकुमा अन्तर्गत तीनधारे महानदी समष्टिको शिवखोला अहिले सबैभन्दा बेसी पर्यटकहरू आउने पर्यटकीय स्थल बनेको छ। सिलगढीदेखि सबैभन्दा नजिक पर्ने हुनाले शिवखोला पर्यटकहरूका लागि पहिलो रोजाई बनेको छ। शिवखोला पहिलादेखि नै ग्रामीण पर्यटन व्यवसाय र धार्मिक पर्यटन स्थलको रूपमा विकसित हुँदै गईरहेको थियो भने वर्तमान गर्मीको समय झनै पर्यटकहरूका लागि शिवखोला पहिलो रोजाई बनेको छ। शिवखोला क्षेत्रमा दैनिक ३ देखि ४ हजार पर्यटकहरू आउने गरेको स्थानीयहरूले बताएका छन्। विशेष गरेर छुट्टीको दिन साथै शनिवार र आईतबारको दिन शिवखोलामा पर्यटकहरूको घुइँचो लाग्ने गरेका छन्। पर्यटकहरूका संख्या धेरै बढेर गएपछि स्थानीयहरूलाई रोजगारको अवसर पनि धेरै सिर्जना गरिहेको देखिएको छ। विशेष गरी यहा धेरै संख्यामा पर्यटकहरूको भीड लगायत गाडीए बाईकए स्कुटीहरूका कारणले ट्राफिक जामको समस्या धेरै मात्रामा देखिएको छ।

****** ० ******

**खर्सांग -युटुबर मुद्दा**

अखिल भारतीय नेपाली अनुसूचित जाति संघ खरसाङ महकुमा समितिको तत्वावधानमा खरसाङ क्षेत्रका कामी दमाई सार्की सबै संगठनहरू एकजुट भएर युटुबर रजत तामाङ विरूध्द खरसाङ महकुमा शासक र खरसाङ पुलिस थानामा ज्ञापन दिइएको छ। युटुबर रजत तामाङले अनुसूचित जातिमाथि अभद्र व्यवहार गर्दै गाली गरेको साथै अनिसूचित जातिलाई आघात पुग्ने शब्द प्रयोग गरेको भन्दै उनी विरूध्द कानुनी कार्वाही गरिनु पर्ने मांगमा खरसाङ महकुमा शासक र खरसाङ थानामा ज्ञापन दिइएको छ। उक्त ज्ञापन दिने कार्य अखिल भारतीय नेपाली अनुसूचित जाति संघ खरसाङ महकुमा समितिको सभापति कमल सिलवालको अगुवाईमा भएको जानकारी प्राप्त भएको छ ।

****** ० ******

## चिमल क्लब ६३औं स्थापना दिवस

मिरिक महकुमा अन्तर्गत थर्बु नौ माइल चिमल क्लब सार्वजनिक भवनमा चिमल क्लब परिवारको ६३औं स्थापना दिवस एवम् बार्षिक साधारण सभा सम्पन्न भयो ।अनुप तामाङको सभापतित्वमा सम्पन्न कार्यक्रम माझ बार्षिक कार्यतालिका अनुसार यस बर्ष बृद्ध सदस्य चन्द्रबहादुर प्रधान र विष्णुमति थापालाई सम्वर्द्धना जनाइयो।यसबर्ष उच्चतर माध्यमिक परीक्षामा सर्वोच्च अंक ल्याउने विधार्थी तथा कराते खेलाडीहरुलाई सम्बर्धना जनाइयो।

****** ० ******